# तुलसीपुर उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## तुलसीपुर, दाङ
## ५ नं. प्रदेश, नेपाल

# विज्ञापन कर उठाउने सम्बन्धी शिलबन्दी बोलपत्र आह्वानको सुचना

(प्रथमपटक प्रकाशित मिति २०७६।०४।०७)

नेपालको संविधान २०७२ को अनुसूची ८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६४ को उपदफा ग एवं तुलसीपुर उप महानगरपालिका दाङको चौथौ नगरसभा को निर्णय तथा यस उप महानगरपालिकाको मिति २०७६।०३।२३ गते बसेको कार्यपालिका बैठकको निर्णयानुसार तुलसीपुर उप महानगरपालिका क्षेत्र भित्र तपसिल अनुसारको विज्ञापन कर संकलन गर्न आ.व. २०७६/०७७ देखी २०७८/०७९ सम्म (३ वर्ष) को लागि ठेक्का आव्हान गरिएको छ । मूल्य अभिबृद्धी करमा दर्ता भएका इच्छुक फर्म वा निकायले तोकिएको न्यूनतम अंकमा नघट्ने गरी यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र यस कार्यालयबाट तोकिए बमोजिमको दस्तुर तिरी (फिर्ता नहुने गरी) दर्ता प्रमाणपत्र सहित बोलपत्र फाराम खरिद गरी ३१औं दिनको १२.०० बजेभित्र रितपूर्वकको शिलबन्दी बोलपत्र पेश गर्न सूचित गरिन्छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका बोलपत्र माथि कुनै कारवाही गरिने छैन । साथै E-Bidding को माध्यमबाट बोलपत्र पेश गर्न चाहने ईच्छुक फर्म वा कम्पनीले www.bolpatra.gov.np/egp बाट बोलपत्र दस्तुर वापतको रकम यस कार्यालयको रा.वा.बैंक तुलसीपुर दाङ स्थित ४१६०३०४०१८१०१ खातामा जम्मा गरी बोलपत्र पेश गर्न सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का विवरण | ठेक्का नं. | न्यूनतम अंक भ्याट बाहेक | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| १ | विज्ञापन कर | रा ०२/०७६/०७७ | आ.व. २०७६/०७७ को रु. ४०,००,०००।-- <br> आ.व. २०७६/०७७ को रु. ४४,००,०००।-- <br> आ.व.२०७६/०७७ को रु. ४८,४०,०००।-- | ३,०००।- |

| क्र.सं. | विज्ञापन कर (आ.व. २०७६/०७७) | दरहरु |
|---|---|---|
| १ | हो<u></u>र्डिङ्ग बोर्ड, वाल पेन्टीङ्ग, ग्लो बोर्ड, व्यापारिक प्रयोजनार्थ | |
| | १० वर्ग फुट वार्षिक | ५००।०० |
| | २० वर्ग फुट वार्षिक | १,५००।०० |
| | ५० वर्ग फुट वार्षिक | ५,०००।०० |
| | सो भन्दा माथि | २५।०० |
| | साना किसिमका प्रचार बोर्ड ४ वर्ग फुट सम्म वार्षिक | ५००।०० |
| | सार्वजनिक स्थानमा ब्यानर प्रतिमिटर ७ दिका लागि प्रतिदिन | ९।०० |
| | सार्वजनिक स्थानमा ब्यानर प्रतिमिटर १५ दिका लागि प्रतिदिन | ८।०० |
| | १ मिटर र १ वर्ग फुटसम्मको विज्ञापन एक महिना सम्म प्रतिदिन | २।०० |
| | १ मिटर,१ वर्ग फुटसम्मको विज्ञापन एक महिना भन्दा बढि प्रतिदिन | ३।०० |
| | प्रत्येक विद्युत पोलमा प्रति बर्ग मिटर प्रति महिना | २०।०० |

**शर्त तथा बन्देजहरु :**

१. बोलपत्र पेश गर्दा स्थानीय तहमा दर्ता भएको व्यवसायी नविकरण प्रमाणपत्र, मूल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी बोलपत्र साथ संलग्न राखी आफुले कबोल गरेको अंकको ५% र विदेशी नागरिक भए १०% ले हुने धरौटी रकम यस उप महानगरपालिका तुलसीपुर, दाङ स्थित नं. ग-३२४१६०३०३००७१०१ धरौटी खातामा जम्मा

आनन्द सारु
प्रमुख प्रशासकीय अधिकृत

# तुलसीपुर उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## तुलसीपुर, दाङ
५ नं. प्रदेश, नेपाल

बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा १२० दिन म्याद भएको बिडवण्डको सक्कल प्रति संलग्न हुनुपर्नेछ ।

२. शिलवन्दी बोलपत्र पेश गर्ने अन्तिम दिनको अपरान्ह २.०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालय प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ । बोलपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन हुनेछ ।

३. बोलपत्रमा आफूले कबोल गरेको अंक र अक्षरमा प्रष्टसंग लेखी सही छाप गरी पेश गर्नुपर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ साथै कुनै शर्त राखी पेश गरेको बोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

४. बोलपत्र स्वीकृत भएको तथा नविकरण सम्वन्धि सूचना पाएको मितिले ७ दिनभित्र प्रत्येक वर्षको कवोल अंकको ५०% ले हुन आउने रकम यस कार्यालयको खातामा दाखिला गरी, कवोल अंकको १३% ले हुन आउने मूल्य अभिबृद्धी कर र १.५% ले हुन आउने अग्रिम आयकर वापतको रकम आन्तरीक राजश्व कार्यालयमा दाखिला गरेको प्रमाण ठेक्का सम्झौता तथा नविकरण गर्दा एकमुष्ट पेश गर्नु पर्नेछ । साथै बांकी ५०% मध्ये ३०% ले हुन आउने दोश्रो किस्ता वापतको रकम प्रत्येक वर्षको पुष मसान्तभित्र तथा २०% ले हुन आउने तेश्रो किस्ता वापतको रकम प्रत्येक वर्षको चैत्र मसान्तभित्र दाखिला गरी सक्नु पर्नेछ । प्रत्येक वर्षको बांकि ५०% ले हुन आउने दोश्रो र तेश्रो किस्ता वापतको रकम बरावरको प्रत्येक अर्को बर्षको श्रावण मसान्त सम्म अवधि भएको र यस कार्यालयको नाममा जारी गरिएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (पर फरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । तोकिएको समयभित्र किस्ता रकम नबुझाएमा उक्त बैंक ग्यारेन्टीबाट (परफरमेन्स वण्ड) किस्ता रकम र १०% का दरले जरिवाना वापतको हर्जाना रकम समेत असूल उपर गरिनेछ । यसमा ठेकेदारले कुनै किसीमको हक दावी गर्न पाउने छैन ।

५. ठेकेदार र कार्यालय बीचमा ठेक्काको शर्त सम्वन्धी कुरामा बिवाद पर्न आएमा तुलसीपुर उप महानगरपालिका, दाङको निर्णय अन्तिम हुनेछ । यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन ।

६. ठेक्का समाप्त भए पछि धरौटी फिर्ता लिन आउँदा लाग्ने करहरु बुझाई सकेको (करचुक्ता) प्रमाणपत्र पेश गरे पछि मात्र धरौटी वा जमानी फुकुवा गरिने छ ।

७. आफूले लिएको ठेक्काको चलन गरी रकम उठाउने जिम्मेवारी ठेकेदार स्वयंकै हुनेछ ।

८. कुनैपनि वहानामा अस्थायी चलनपूर्जी दिन कार्यालय वाध्य हुने छैन ।

९. संघीय सरकार, प्रदेश सरकार र यस उप महानगरपालिकाले समय समयमा दिएको निर्देशन एवं परिपत्रको अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

१०. दररेट सहितको साइनवोर्ड सबैले देख्ने गरी सम्वन्धित कर संकलन केन्द्रमा अनिवार्य रुपमा राख्नु पर्नेछ तर राजमार्ग वा सहायक राजमार्गमा यातायात अवरुद्ध हुनेगरी कुनै काम गर्न/गराउन पाइने छैन ।

११. यस कार्यालयलाई बुझाउनुपर्ने ठेक्का रकम नेपालवन्द, आमहडताल, नाकावन्दी र चक्काजाम जस्ता अप्रत्यासित घटना वा अन्य कुनै पनि कारण देखाई मिनाहा माफी माग गर्न पाइनेछैन तर संघीय सरकार, प्रदेश सरकार, वा न्यायीक निकायवाट कुनै श्रोत संकलन तथा उपयोगमा वन्देज लगाएमा तुलसीपुर उप महानगरपालिका कार्यपालिका वैठकको निर्णय वमोजिम वन्देज लगाएको दिनको मात्र दामासाहीले हिसावगरी रकम मिलान/फिर्ता गर्न सकिनेछ ।

१२. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस उप महानगरपालिकामा सुरक्षित रहनेछ ।

१३. रसीदहरु आफ्नै तर्फबाट छपाई कार्यालयको छाप र यस कार्यालयमा रसीद नं.दाखिला गरेर मात्र प्रयोगमा ल्याउनु पर्नेछ

१४. प्रचलित कानून अनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयंले नै आफ्नो तर्फवाट व्यहोर्नु पर्नेछ ।

१५. कार्यदेश लिएको मितिदेखि मात्र ठेक्का चलन गर्न पाइनेछ । साथै ठेक्काको अवधि २०७९ साल आषाढ मसान्तसम्म मात्र हुनेछ ।

१६. बोलपत्र पेश गर्दा खामको दायाँ साइडमा यस कार्यालयको नाम र बायाँ साइडमा बोलपत्र दाताको नाम, ठेगाना र यो विषयको बोलपत्र भनी लेखिएको हुनु पर्नेछ ।

१७. उपरोक्त न्यूनतम अंकमा मूल्य अभिबृद्धी कर (**VAT**) समावेस नभएकोले ठेकेदारले कर असूल गर्दा तोकिए वमोजिमको मूल्य अभिबृद्धी कर (**VAT**) समेत समावेस गरी असूल उपर गर्नु पर्नेछ ।

१८. ठेक्काको दररेट र अन्य बिस्तृत जानकारीका लागि यस कार्यालयको सूचना पाटी वा राजश्व व्यवस्थापन शाखामा सम्पर्क राख्न हुन समेत जानकारी गराईन्छ ।

१९. यो सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

आनन्द सारु
प्रमुख प्रशासकीय अधिकृत